# अर्घाखाँची जिल्ला अदालत

सन्धिखर्क, अर्घाखाँची

पत्र संख्या २०७४/०७५

चलानि नम्बर

प्राप्त पत्र संख्या

लु.अ. नेपाल

मिति: २०७५।०२।२३

**सवारी साधन लिलाम बिक्रि गर्ने सम्बन्धी जरुरी सूचना**

**प्रथम पटक प्रकाशित मिति:-२०७५।०२।२३**

अर्घाखाँची जिल्ला अदालतमा खर्च भएर नजाने जिन्सी स्रेस्ता नं. ६१ मा आम्दानी बाँधिएको ग. १ झ. २२७ नं. को पुरानो जिप्सी गाडी थान -१ सवारी साधनको लिलाम बिक्रीको लागि सम्मानित श्री सर्वोच्च अदालतको च.नं.३७६ मिति २०७५।१।११ को अनुमति पत्र, यस अदालतबाट मिति २०७५।०२।२० को प्राबिधिक प्रतिवेदन, मिति २०७५।०२।२० को टिप्पणी आदेश, मिति २०७५।०२।२१ र ऐ.२२ गते आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ५८ को उपनियम ३ (ख) बमोजिम गठित समितिको बैठकबाट सिफारिस भई आएको देहाय बमोजिमको मूल्याङ्कित रकममा नघटने गरी देहायका शर्तमा लिलाम डाक बढाबढद्धारा लिलाम बिक्री गर्नु पर्ने भएको हुँदा ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले लिलाम डाक बढाबढमा सहभागी हुनको लागि दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**बढाबढ द्वारा लिलाम विक्री गरिने जिप्सी गाडीको विवरण:-**

१.सवारी दर्ता नं.- ग.१ झ. २२७ २.सवारीको किसिम:- सरकारी जिप (जिप्सी)

३.दर्ता मिति:-२०५६।१२।०७ ४. बनेको साल:- ई.स. १९९४

५.हर्ष पावर:- ९७० सि.सि. ६.मेक मोडल:-मारुती,जिप्सी

७.चेसिस नं.- SJ 41-IN156331 ८. इन्जिन नं.- F10AIN193344

९.सवारीको रङ्ग:- निलो खरानी १०.सवारीको अनुमानित तौल:- २२०० के. जी.

११.अनुमानित प्रचलित स्थानीय कबाडी मुल्य प्रति के. जी. रु. १८।-

१२.अनुमान गरिएको न्युनतम लिलाम बिक्री मुल्य रु.३९,६००।- (अक्षरुपी उनान्चालिस हजार छ सय मात्र)

# अर्घाखाँची जिल्ला अदालत

सन्धिखर्क, अर्घाखाँची

पत्र संख्या २०७४/०७५

चलानि नम्बर

प्राप्त पत्र संख्या

लु.अ. नेपाल

मितिः २०७५।०२।२३

**शर्तहरुः-**

१. लिलाम द्वारा बिक्री गरिने समय र स्थानः-२०७५ साल अषाढ १३ गते दिउसो २:०० बजे देखि ३:०० बजे सम्म यस अदालतको स्टोर शाखा र सो दिन सार्वजनिक बिदा पर्न गए सो दिन पछि कार्यालय खुलेको पहिलो दिन सोहि समयमा र स्थानमा हुनेछ ।

२. लिलाममा सहभागी हुन चाहने व्यक्ति वा संस्थाले मिति २०७५।०३।१३ गते दिउँसो २:०० बजे सम्म नेपाली नागरिकताको प्रमाणपत्र, संथा भए कर चुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत राखि निवेदन दस्तुर रु. ३,००।- (तिनसय रुपैयाँ) फिर्ता नहुने गरी यस अदालतको स्टोर शाखामा बुझाउनु पर्ने छ ।

३. निर्धारित समय सम्ममा निवेदन दर्ता नगराई सो मिति समयमा उपस्थित हुने अन्य व्यक्ति वा फर्मलाई लिलाममा सहभागी गराईने छैन।

४. लिलाममा आफुले कबुल गरेको अंकको १० प्रतिशतले हुने रकम नगदै धरौट राख्नु पर्ने छ । लिलाम सम्पन्न हुँदा सब भन्दा बढी अंक कबुल गर्ने व्यक्ति वा फर्मको बाहेक अन्यको धरौटी फिर्ता गरिने छ।

५. डाक सकार गरि लिने व्यक्तिले ७ दिन भित्र आफुले कबुल गरेको मुल्यको १३ प्रतिशतले हुने मुल्य अभिवृद्धि कर र बाँकी रकम दाखिला गरी रकम दाखिला गरेको मितिले ७ दिन भित्र सामान उठाई लैजानु पर्नेछ । ७ दिन भित्र आफुले कबुल गरेको रकम र मुल्य अभिवृद्धि कर दाखिला नगरेमा राखेको १० प्रतिशत रकम कानुन बमोजिम जफत गरिने छ।

६. डाक सकार गरी लिएका सवारी साधनको दर्ता नामसारी नहुने र दर्ता खारेजी गर्न सम्वन्धित निकायमा लेखि पठाउन समितिबाट सिफारिस भएको हुँदा सो वमोजिम गरिने छ ।

७. कुनै पनि शर्त राखि लिलाममा सहभागी हुन पाईने छैन र लिलाम गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस अदालतमा निहित हुनेछ ।

८. यस सम्वन्धि थप कुराहरु बुझ्न परे कार्यालय समय भित्र यस अदालतको स्टोर शाखामा सम्पर्क गर्न सकिनेछ।

२०७५।२।२३

मोहन प्रसाद बेल्वासे

तहसिलदार